# सिटी अफ समरभिल, म्यासाचुसेट्स
निरीक्षण सेवा विभाग
KATJANA BALLANTYNE - MAYOR


यो कागजात सिटी अफ समरभिल, राज्य र संघीय नियामकहरूका अनुसार आवश्यक भएका फ्याट, तेल र ग्रीस (FOG) व्यवस्थापन यन्त्र (FMD) नियामक आवश्यकताहरूमार्फत हालको र सम्भावित खाद्य तयारी प्रतिष्ठान (FPE) र गैर-खाद्य तयारी प्रतिष्ठान (NFPE) को मालिक, व्यवस्थापक र अपरेटरहरूलाई मार्गदर्शन गर्नका लागि हो। 6/30/2022 सम्म सबै FPE लाई उनीहरूको खाद्य प्रतिष्ठान अनुमतिको सर्तअनुसार FOG व्यवस्थापन योजनाको वार्षिक स्वीकृति चाहिने छ।

**अपरेटरहरूका लागि FOG व्यवस्थापन जानकारी/विचारहरू:**

A) सम्पत्तिमा कुन FMD छ वा छैन भनी पहिचान गर्नुहोस्
- a. सम्पत्तिका लागि कुनै पनि प्लम्बिङ प्रणाली समावेश हुने सम्पत्तिका लागि निर्माण गरिएअनुसारका योजनाहरूको सेट पत्ता लगाउने प्रयास गर्नुहोस्। योजनाहरू उपलब्ध भएमा, निरीक्षण सेवा विभाग - भवन डिभिजनको फाइलमा हुन सक्छ।
- b. तपाईंसँग भएको वा तपाईंसँग हुनुपर्ने FMD को प्रकार निर्धारण गर्नका लागि तपाईं प्रतिष्ठान मूल्याङ्कन गर्न इजाजतपत्रप्राप्त प्लम्बर, दर्ता गरिएको सेनिटेरियन र/वा दर्ता गरिएको पेशेवर इन्जिनियरसँग सम्झौता गर्नुहोस्
    - a. तिनीहरूलाई थाहा हुनु पर्ने छ
        - i. तपाईंको प्रतिष्ठानमा भएका सिटहरूको सङ्ख्या
        - ii. तपाईंको प्रतिष्ठानमा भएका फिक्स्चरहरूको नम्बर र साइज। यसमा बाथरूमका सिङ्क र शौचालयहरू बाहेकका भुइँका नाला र सिङ्कहरू समावेश छन्।
- c. तपाईंको इजाजतपत्रप्राप्त प्लम्बर, दर्ता गरिएको सेनिटेरियन र/वा दर्ता गरिएको पेशेवर इन्जिनियरसँग, तपाईंले स्वीकृतिका लागि सहरमा पेश गर्नु पर्ने कागजातका साथ-साथै सहरको FOG पूर्व उपचार नियमनहरू जाँच गर्न FOG व्यवस्थापन योजना चेकलिस्ट (https://www.somervillema.gov/FOG मा फेला पार्न सकिन्छ) सँग परामर्श लिनुहोस्।
    - i. तपाईंको इजाजतपत्रप्राप्त प्लम्बर, दर्ता गरिएको सेनिटेरियन र/वा दर्ता गरिएको पेशेवर इन्जिनियरले तपाईंको प्रतिष्ठानले सहरका FOG नियमनहरू पालना गरेको कागजात प्रमाणित गर्नु पर्ने छ।
- d. निम्न FPE प्लम्बिङ फिक्स्चरहरूलाई म्यासाचुसेट्स प्लम्बिङ संहिता 248 CMR 10.09(2)(c) अन्तर्गत FMD आवश्यक छ।
    - a. पट सिङ्कहरू (दश इन्चभन्दा बढी कचौराका गहिराइसँग);
    - b. स्कलेरी सिङ्कहरू (दश इन्चभन्दा बढी कचौराका गहिराइसँग);
    - c. फ्लोर ड्रेन्स; (प्लम्बिङ निरीक्षक हेर्नुहोस्)
    - d. फ्लोर सिङ्कहरू;
    - e. तापक्रमलाई ध्यान नदिइकन स्वचालित डिशवाशरहरू;

   f. प्रि-रिन्स सिङ्कहरू
   g. सुप कितली वा समान यन्त्रहरू
   h. वक स्टेशनहरू; र
   i. स्वचालित हुड वाश युनिटहरू;

e. म्यासाचुसेट्स प्लम्बिङ संहिता 248 CMR 10.09 (1b) (1 a-b) फ्लोर ड्रेन र ग्यासोलिन, ओइल र स्याण्ड सेपेरेटर्स सबै व्यावसायिक मोटर सवारी साधनहरूमा लगाइने छ:
   a. पार्किङ र भण्डारण आवासहरू;
   b. मर्मत ग्यारेज, मर्मत सुविधा वा अटो बडी मर्मत सुविधाहरू;
   c. ग्रीस र्‍याक र ग्रीस पिटहरूसहित वा विना सेवा सुविधाहरू;
   d. धुने र्‍याकका क्षेत्रहरू;
   e. धुने क्षेत्रहरू;
   f. मोटर तेल, ग्यासोलिन, एन्टी-फ्रिज र समान खतरनाक तरल फोहोरहरू हुने सुविधाहरू सम्भावित रूपमा उत्पन्न हुन्छन् वा सम्भावित रूपमा फैलिन सक्छ।

f. ग्रीस इन्टरसेप्टरहरू हुने प्रतिष्ठानका सबै क्षेत्रमा प्लम्बिङ संहिता 248 CMR 10.09 (2m)(3)10.09 मा उल्लेख गरिएअनुसारको उचित चिन्ह
   i. हुनुपर्छ: इन्टरसेप्टर, सेपेरेटर्स र होल्डिङ ट्याङ्कहरू

(2m) मर्मतसम्भार

   a. ल्यामिनेट गरिएको चिन्हलाई एक इन्च अग्लो अक्षरमा ग्रीस ट्र्याप वा इन्टरसेप्टरको छेउछाउमा स्टेन्सिल गरिने छ। चिन्हले वास्तविक भाषा, अङ्ग्रेजी भाषामा निम्न उल्लेख गर्नु पर्ने छ: "IMPORTANT This grease trap/interceptor shall be inspected and thoroughly cleaned on a regular and frequent basis. Failure to do so could result in damage to the piping system, and the municipal or private drainage systems." चिन्ह भनेको निम्न हो: "महत्त्वपूर्ण यो ग्रीस ट्र्याप/इन्टरसेप्टर नियमित र बारम्बार आधारमा निरीक्षण गरी राम्ररी सफा गरिनु पर्ने छ। उक्त कार्य गर्न असफल भएमा पाइपिङ प्रणाली र नगरपालिका वा निजी ड्रेनेज प्रणालीमा क्षति पुग्न सक्छ।"

B) सम्पत्तिका लागि कुनै कामको योजना बनाउँदै हुनुहुन्छ?

a. किचन प्लम्बिङ फिक्स्चरहरू थप्ने, बदल्ने वा मर्मत गर्ने कुनै पनि काम वा FMD लाई प्लम्बिङ अनुमति फाराम निरीक्षण सेवाहरू चाहिन्छ
   i. सबै FMD का लागि योजनाहरू उपलब्ध गराइनुपर्छ
   ii. योजनाहरू सिटी प्लम्बिङ निरीक्षकद्वारा समीक्षा गरिन्छ।
b. वैकल्पिक प्रविधिहरूको प्रयोगलाई एक-एक केसको आधारमा समीक्षा गरिने छ र प्रविधिलाई म्यासाचुसेट्स बोर्ड अफ प्लम्बर एण्ड ग्यास फिटर्स र समरभिल स्वास्थ्य बोर्डद्वारा स्वीकार गरिएको हुनुपर्छ।
c. काम पूरा भइसकेपछि प्लम्बिङ निरीक्षकले राज्य प्लम्बिङ संहिताको अनुरूपता प्रमाणित गर्न निरीक्षण गर्नु हुने छ।

d. समरभिल FOG नियमहरूअन्तर्गत कुनै पनि नयाँ FMD इन्स्टलेसनहरू सम्भव हुँदा FOG इन्टरसेप्टरहरूलाई बाहिर र भूमिगत लगाउनु पर्ने छ।  निम्नमध्ये कुनै एक पूरा गर्न सम्भाव्यता मानिन्छ
   i. FPE आकारमा आधा एकरभन्दा ठूलो भएको सम्पत्तिमा राखिएको छ;
   ii. FPE सम्पत्तिमा तीन वा बढी अन-साइट (निजी सम्पत्तिमा) पार्किङ ठाउँहरू समावेश छन्; वा
   iii. FPE मा 200 भन्दा बढी प्याट्रोन्सको क्षमता छ।
   iv. FPE ले 50gpm भन्दा बढी फोहोर पानी निर्माण गर्छ।
e. भविष्यको एक्सपान्सनका सम्भावनाहरूको बारेमा सोच्न निश्चित हुनुहोस् आवश्यक भएको FMD आकार निर्धारण गर्न तलको तालिका हेर्नुहोस्।

| **रेस्टुरेन्टहरूका लागि:** | **व्यावसायिक किचनहरू भएका अन्य प्रतिष्ठानहरूका लागि:** |
|---|---|
| (S) X (GS) X (HR/12) X (LF) = ग्यालनमा भएको ग्रिज ट्र्याप र इन्टरसेप्टरको प्रभावकारी क्षमता | (M) X (GM) X (LF) = ग्यालेनमा भएको ग्रिज ट्र्याप र इन्टरसेप्टरको प्रभावकारी क्षमता |
| जहाँ: | जहाँ: |
| S = डाइनिङ क्षेत्रमा सिटहरूको सङ्ख्या<br>GS= प्रति सिट वेस्ट वाटर ग्यालेन:<br>• चिनियाँ डिस र/वा अटोमेटिक डिसवासरहरू भएका रेस्टुरेन्टहरूमा 25 ग्यालेन प्रयोग गर्नुहोस्<br>• पेपर वा बास्केटहरू भएका र डिसवासरहरू नभएका रेस्टुरेन्टहरूमा 10 ग्यालेन प्रयोग गर्नुहोस्<br>HR= रेस्टुरेन्ट खुला रहेको घण्टा<br>LF= लोडिङ फ्याक्टर – 1.5 को LF सिटी अफ समरभिलका सबै FPE हरूमा प्रयोग गरिनुपर्छ। | M= प्रति दिन तयार गरिने खाना<br>GM= प्रति खाना वेस्ट वाटर ग्यालेनमा (5 ग्यालेन प्रयोग गर्नुहोस्)<br>LF= लोडिङ फ्याक्टर – 1.5<br>डिसवासिङ मेसिनहरूमा 1.00 र डिसवासिङ नभएका मेसिनहरूमा 0.75 प्रयोग गर्नुहोस्। |

## सिटी अफ समरभिलको फ्याट, तेल र ग्रीस मर्मतसम्भारका आवश्यकताहरू

1. FPE को खर्चमा FMD लाई सन्तोषजनक र प्रभावकारी सञ्चालनमा निरन्तर कायम राखिनु पर्ने छ।
2. सफाई फ्रिक्वेन्सी कम गर्न प्रयोग गरिने वा FMD बाट FOG रिलीज गरिने रासायनिक र/वा जैविक एडिटिभ्सलाई अनुमति छैन।
3. FMD कम्पोनेन्टहरूको सबै मर्मतको लागत र समयतालिकाका लागि FPE जिम्मेवार हुने छ।

4. FMD बाट हटाइएका सङ्कलन गरिएको सामग्रीको उचित माध्यमद्वारा उचित हटाउने र डिस्पोजलका लागि FPE जिम्मेवार हुने छ। (समरभिल अध्यादेश संहिता खण्ड 11-36 हेर्नुहोस्: ग्रीस कन्टेनरहरू)
5. FMD को सञ्चालन गहिराइको 25 प्रतिशत ठोस पदार्थहरूले ओगट्दा वा प्रत्येक तीन महिनामा एक पटक वा प्राय: धेरै पटक बारम्बार हुने यी नियम वा अन्य लागूयोग्य अध्यादेशहरूका प्रावधानहरूको अनुपालनमा डिस्चार्ज छ भनी सुनिश्चित गर्न आवश्यक हुँदा FMD लाई BOH इजाजतपत्रप्राप्त फोहोर ढुवानीकर्ताद्वारा पूर्ण रूपमा पम्प र सफा गरिनु पर्ने छ।
6. सङ्कलन गरिएका सामग्रीहरूको सबै हटाउने र ढुवानी गर्ने काम BOH इजाजतपत्रप्राप्त फोहोर ढुवानीकर्ताद्वारा गरिनुपर्छ। पम्प गर्ने कार्यमा तैरने सामाग्री, फोहोर पानी र जमेको फोहोरसहितका सबै सामाग्री पूर्ण रूपमा हटाउने समावेश हुनु पर्ने छ। FOG इन्टरसेप्टरमा फेरि डिकेन्ट गर्न अनुमति दिइने छैन। FMD सफाईमा पर्खाल, भुइँ, बाफल्स र सबै पाइपिङका स्क्र्यापिङ अत्याधिक ठोस पदार्थहरू समावेश गर्नु पर्ने छ।
7. पम्प गरिएको सामग्री सबै स्थानीय र राज्य कानुनअनुसार इजाजतपत्र प्राप्त डिस्पोजल सुविधामा डिस्पोज गरिएको हुनुपर्छ।
8. FPE ले भित्रका सबै फिटिङ र फिक्स्चरहरू राम्रो अवस्थामा छन् र सही तरिकाले काम गरिरहेका छन् भनी सुनिश्चित गर्नका लागि पम्प र सफा गर्दा FMD निरीक्षण गरिन्छ भनी सुनिश्चित गर्नु पर्ने छ। ग्रीस ट्र्याप, इन्टरसेप्टर वा सेपेरेटर, पाइपिङ, भित्री पर्खाल, साइडको पर्खाल आदिको भौतिक अवस्था निरीक्षण गर्नु पर्ने छ। आवश्यक भएमा अतिरिक्त प्रयोग गर्नुअघि मर्मत कार्यहरू गरिने छ। खण्ड 5 मा आवश्यकताअनुसार मर्मत र सेवा लगहरू कायम राखिने छ।
9. BOH लाई सार्वजनिक ढलमा FOG को डिस्चार्ज रोक्नका लागि अपर्याप्त भनी निर्धारण गरिएको छ वा डिस्चार्जसँग डाउनस्ट्रिम अवरोधहरू निम्त्याउन सक्ने सम्भावना छ भने यहाँ स्थापना गरिएको भन्दा बढी कडा FMD सफाई र पम्पिङ फ्रिक्वेन्सी चाहिन सक्छ।
10. ग्रीस ट्र्याप, इन्टरसेप्टर वा सेपेरेटरहरूले यी नियमहरूको अनुपालनमा र FPE को अनुमोदित पम्पिङ, मर्मत र सफाई तालिकाको अनुपालनामा तिनीहरूको FOG व्यवस्थापन अनुमतिअन्तर्गत फोहोर उत्पादन गर्ने छ। यस्तो फोहोर उत्पादन गर्नका लागि अपर्याप्त तालिकाहरूलाई आवश्यकता अनुसार, बढीमा र दैनीक समावेश गरी स्तरवृद्धि गरिने छ वा यी नियमनहरू वा अन्य लागूयोग्य अध्यादेशमा तोकिएका सबै आवश्यकताहरू पूरा गर्न ग्रीस ट्र्याप, सेपेरेटर वा इन्टरसेप्टरलाई अपग्रेड गरिने छ।

Colin Zeigler
वातावरणीय स्वास्थ्य संयोजक
सिटी अफ समरभिल - निरीक्षण सेवा विभाग
czeigler@somervillema.gov
781-808-8499

निरीक्षण सेवा विभाग
1 Franey Road
Somerville, Massachusetts 02145
(617) 625-6600 एक्स्टेन्सन 5600
स्टेट प्लम्बिङ संहिताको लिङ्क
सिटी अध्यादेशको लिङ्क